खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप
बागमती प्रदेश, नेपाल
☎ ९८५४०२३६००
☎ ९८५४०५६६००

प.सः- ०८०/०८१

मिति :२०८१/०२/०९
ने.सं. ११४४, बछलाथ्व १४ बुधबार

## खरको छानामुक्त कार्यक्रमका लागि निवेदन लगायत आवश्यक कागजात पेश गर्ने सम्बन्धी सूचना ।

बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, शहरी विकास तथा भवन फिल्ड इकाई कार्यालय, मन्थलीको प.सं.२०८०/०८१, च.नं.२६, मितिः २०८१/०२/०७ गतेको पत्रानुसार यस गाउँपालिकामा स्थायी बसोबास गर्ने आफ्नै स्वामित्वको जग्गामा घर भएका दलित, सिमान्तकृत, विपन्न र पिछडिएका बस्तीमा खरको छाना विस्थापित गर्ने प्रदेश सरकारको नीति बमोजिम यस गाउँपालिकाबाट २५० लाभग्राही छनौट गर्नु पर्ने भएकोले खरको छानाको घर भएका उल्लेखित वर्गका नागरिकहरुले संलग्न ढाँचामा मितिः २०८१/०२/१२ गते भित्र देहायका कागजात सहित सम्बन्धित वडा कार्यालय वा सिधै गाउँपालिकामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल :

१. लाभग्राहीको नागरिताको प्रतिलिपी
२. आफ्नो नाउँको जग्गामा घर भएको लालपुर्जाको प्रतिलिपी वा भोगाधिकार वा अन्य उपभोगको निस्साको प्रमाण
३. खाता नं.स्पष्ट बुझिने चेकको पानाको प्रतिलिपी
४. चालु आ.व.मा मालपोत तिरेको रसिदको प्रतिलिपी वा बिजुलीको बिल।
५. भूकम्पको लाभग्राही कायम भई नेपाल सरकार वा गैर सरकारी संस्थाबाट सेवा सुविधा नलिएको वडाको सिफारिस

(पुनश्चः निवेदनको ढाँचा यसै साथ संलग्न गरिएको छ। निवेदन संकलनको लागि गाउँपालिका शनिबार पनि खुल्ला रहने छ।)

आवश्यक जानकारीको लागि सम्पर्क नं. (शोभा वि.क.) ९८४४३८८३८२

२०८१/०२/०९
..................................
गौरवराज के.सी
प्रमुख प्रशासकीय अधिकृत

Phone:- 9854023600 Website:- khandadevimun.gov.np Email :-khandadevimun@gmail.com